नेपाल सरकार

# भूमि सम्बन्धि समस्या समाधान आयोग

फोन:

पत्र संख्या :-

चलानी नं. :- १२

मिति: २०७७/२/१५

श्रीमान् अध्यक्ष / प्रमुखज्यू,

सवै गाउँपालिका / नगरपालिका।

**विषयः बजेट व्यवस्था गर्न अनुरोध सम्बन्धमा ।**

भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७६ ले भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन, संकलित सूचना व्यवस्थापन प्रणाली र जग्गा नापजाँच विधीवारे आवस्यक कार्यविधीको तयारीका कार्य गरिरहेको छ ।

भूमि सम्बन्धी ऐन, (आठौं संशोधन) २०२१ को आधारमा तर्जुमा हुदैं गरेको नियमावली र आयोगको कार्यदिश अनुरुप भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी तथा निजको परिवारले उपयोग गरिरहेको जग्गाको क्षेत्रफल समेतको विवरण स्थानीय तहले आयोगको समन्वयमा तयार गर्नुपर्ने व्यवस्था छ ।

सेटलाईज ईमेज खरिद, डाटा ईन्ट्री एवं व्यवस्थापनको लागि कम्प्यूटर खरिद, तथ्याङ्क संकलन एवं जग्गाको क्षेत्रफल यकिन गर्न परिचालन गर्नुपर्ने सर्वेक्षक आदिको लागि पर्याप्त बजेट आवश्यक पर्ने हुँदा सोको प्रयोजनका लागि भूमिहीन एवं अव्यवस्थित बसोवासी व्यवस्थापन शिर्षकमा आफ्नो पालिकाको अनुमानित लगत तथा विवरणका आधारमा आगामी आ.व. २०७७/०७८ मा आवश्यक बजेट व्यवस्था हुनको लागि निर्देशानुसार सादर अनुरोध गरिन्छ ।

(अमिर न्यौपाने)

सदस्य–सचिव

थप जानकारीका लागि सम्पर्क ०१–४०३०७००